# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः १६ कार्यपालिकाबाट पारित मितिः २०७९।०६।०५

प्रमाणिकरणः२०७९।०६।१२

प्रकाशन मितिः २०७९।०६।१३


## भाग-२

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा नगरपालिका विद्यालय तथा शिक्षा कार्यक्रम सुपरीवेक्षण कार्यविधि, २०७९

**प्रस्तावनाः** ठाकुरबाबा नगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरुको कक्षाकोठाको शिक्षण सिकाई क्रियाकलाप देखि समग्र विद्यालय शिक्षाको गतिविधि सुपरीवेक्षण गरी शिक्षाको लक्षित उपलब्धि प्राप्तिका लागि सहयोग गर्न र ठाकुरबाबा नगरपालिकाको समग्र शिक्षा क्षेत्रका कार्यक्रम सञ्चालन, व्यवस्थापन र सुपरीवेक्षणमा सहयोग गर्नका लागि कार्यविधि बनाई लागु गर्नुपर्ने आवश्यकता भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ नियम १०२ को उपनियम २ तथा ठाकुरबाबा नगर शिक्षा ऐन, २०७५ को परिच्छेद १० को दफा २३ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागू गरिएको छ।

#### परिच्छेद-१

#### प्रारम्भ र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "विद्यालय तथा शिक्षा कार्यक्रम सुपरीवेक्षण कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

ठाकुरबाबा नगरपालिका विद्यालय तथा शिक्षा कार्यक्रम सुपरीवेक्षण कार्यविधि, २०७९

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"विद्यालय तथा शिक्षा कार्यक्रम सुपरीवेक्षण कार्यविधि"** भन्नाले ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकूद शाखाद्वारा नियमन गर्ने सामुदायिक तथा संस्थागत विद्यालय र शिक्षा सम्बद्ध कार्यक्रमको गुणस्तरीय सञ्चालन व्यवस्थापन गरी शिक्षा सेवामा प्रभावकारीता ल्याउनका लागि तयार गरिएको विधि तथा प्रक्रिया भन्ने सम्झनु पर्दछ।

(ख) **"शिक्षा शाखा"** भन्नाले ठाकुरबाबा नगरपालिकाको शिक्षा, यूवा तथा खेलकूद शाखा भन्ने सम्झनु पर्दछ।

(ग) **"शिक्षा समिति"** भन्नाले ठाकुरबाबा नगरपालिकाको नगरस्तरीय शिक्षा समितिलाई सम्झनु पर्दछ।

(घ) **"नगरपालिका"** भन्नाले ठाकुरबाबा नगरपालिका, सैनवार बर्दियालाई सम्झनु पर्दछ।

(ङ) **"शिक्षा अधिकारी"** भन्नाले ठाकुरबाबा नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखामा कार्यरत शिक्षा शाखा प्रमुखलाई सम्झनु पर्दछ।

(च) **"प्राविधिक सहायक"** भन्नाले ठाकुरबाबा नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखामा कार्यरत प्राविधिक सहायकलाई सम्झनु पर्दछ।

(छ) **"शिक्षा सुपरीवेक्षक"** भन्नाले विद्यालय तथा शिक्षा सम्बद्ध कार्यक्रमको सञ्चालन, निरीक्षण, अनुगमन, सुपरीवेक्षण तथा व्यवस्थापनमा खटिने जनशक्तिलाई सम्झनु पर्दछ।

(ज) **"प्रधानाध्यापक"** भन्नाले विद्यालयहरुको प्रधानाध्यापकलाई सम्झनु पर्दछ, यस शब्दले संस्थागत विद्यालयका प्रिन्सिपल समेतलाई जनाउनेछ ।

(झ) **"सट्टा शिक्षक"** भन्नाले स्थायी शिक्षकलाई काज अर्थात् बिदामा ल्याई त्यस्तो ठाउँमा काम गर्न नियुक्त/करार गरिएको शिक्षकलाई सम्झनु पर्दछ।

(ञ) **"नगर शिक्षक"** भन्नाले शिक्षा समितिले सिर्जना गरेको शिक्षक दरबन्दी वा करार शिक्षक पदको शिक्षकलाई सम्झनु पर्दछ ।

(ट) **"काजमा खटाइएका अर्थात् झिकाइएका शिक्षक"** भन्नाले ठाकुरबाबा नगरपालिका शिक्षा, युवा तथा खेलकूद शाखाले शैक्षिक कार्यक्रम तथा खेलकुदका अतिरिक्त पक्षहरु व्यवस्थापन गर्न शिक्षा शाखामा झिकाई काममा लगाइएको वा लियनमा पद दरबन्दी भएको विद्यालयमा नै कायम राखेर अन्य विद्यालयमा केही समय कामका लागि खटाइएको जनशक्तिलाई सम्झनु पर्दछ।

ठाकुरबाबा नगरपालिका विद्यालय तथा शिक्षा कार्यक्रम सुपरीवेक्षण कार्यविधि, २०७९

## परिच्छेद-२

## उद्देश्य तथा कार्यहरु

३. **उद्देश्यः** यस कार्यविधिको मुख्य उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) विद्यालयको नियमित सुपरीवेक्षण गर्ने जनशक्ति वा शिक्षा सुपरीवेक्षकको नियूक्ति, काम, कर्तव्य र अधिकार निर्धारण गर्ने।

(ख) विद्यालय तथा शिक्षा सम्बद्ध कार्यक्रमको नियमित अनुगमन गर्ने, सुधारका लागि पृष्ठपोषण तथा सुझाव प्रदान गर्ने र दिएको सुझाव कार्यान्वयन भए/नभएको पुनः एकीन गरी त्यसको प्रतिवेदन शिक्षा शाखामा प्राप्त गर्ने।

(ग) शिक्षामा लगानी, प्रक्रिया र उपलब्धिको गुणात्मकता वृद्धि गर्ने ।

(घ) शिक्षा सम्बन्धी तालिम, गोष्ठी, भेला, अन्तरक्रिया, समन्वय, सहकार्य, परीक्षा, मूल्याङ्कन, अनुसन्धान जस्ता कार्य सञ्चालनमा तदारुकता ल्याउने।

(ङ) शिक्षा, युवा तथा खेलकूद शाखामार्फत हुने खेलकूद तथा अतिरिक्त पक्षको काममा आवश्यक कार्यालयको जनशक्ति व्यवस्थापनमा सहजता ल्याउने।

(च) युवायुवती सम्बद्ध कार्यहरुलाई व्यवस्थित गर्ने र स्वरोजगारी सृजित समाज सेवा र विकासमा सहभागिता वृद्धि गराउने।

(छ) विद्यालयको नियमित अनुगमन, सुपरीवेक्षणको कमीका कारण गुणस्तरीय शिक्षा कार्यक्रम वृद्धि हुन नसकेको अवस्थाको अन्त्य गर्ने।

(ज) विद्यालयको विद्यालय सुधार योजना (SIP), शिक्षण सुधार योजना (TIP) र विद्यालयका अन्य योजनालाई नगरपालिका र त्यो भन्दा माथिल्लो तहको योजनाहरुसँग अन्तर सम्बन्धित बनाई योजना बनाउन र योजना कार्यान्वयन गर्न सघाउने।

(झ) विद्यालय शिक्षक तथा कर्मचारीलाई तालिम र अनुभव आदानप्रदान कार्यक्रम सञ्चालनमा सहजीकरण गर्न सहयोग गर्ने।

(ञ) आवश्यकता अनुसार सामाजिक विकास समिति अन्तर्गतका अन्य शाखा/उपशाखाको कार्यक्रममा समेत सहयोग गर्ने ।

४. **कार्यहरुः** यस कार्यविधिको कार्यहरु देहाय बमोजिमको हुनेछः-

(क) विद्यालय सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने।

(ख) विद्यालयको अद्यावधिक अवस्थाको निरीक्षण गरी प्रतिवेदन पेश गर्ने।

(ग) शिक्षा सुपरीवेक्षकको नियूक्ति, सेवा, सुविधा, काम, कर्तव्य र अधिकार निर्धारण गर्ने।

(घ) शिक्षा सम्बद्ध सम्पूर्ण कार्यहरु सञ्चालन तथा व्यवस्थापनमा विधिसम्वत् प्रक्रिया निर्धारण गर्ने।

(ङ) विद्यालयस्तरीय योजना निर्माण र योजना कार्यान्वयनमा सघाउने।

(च) खेलकूद कार्यक्रम सञ्चालन तथा व्यवस्थापनलाई व्यवस्थित बनाउने।

ठाकुरबाबा नगरपालिका विद्यालय तथा शिक्षा कार्यक्रम सुपरीवेक्षण कार्यविधि, २०७९

(छ) संघसंस्था, निकाय, समुदाय र विद्यालयका कार्यक्रम सञ्चालन र समन्वयमा सहयोग तथा सहकार्य वृद्धि गर्ने।

(ज) अनुसन्धानात्मक तथा खोजमूलक कार्यहरु गर्ने/गराउने।

(झ) शिक्षकको कक्षा कोठाभित्रको शिक्षण सिकाई क्रियाकलापको सुपरीवेक्षण र पृष्ठपोषणको कार्यमा नियमितता दिने।

(ञ) विद्यालय, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी र अभिभावकलाई आवश्यक तालिम सञ्चालन गर्ने।

(ट) विद्यालयका विधि, नीति तथा कार्यविधि निर्माणमा सुझाव दिने तथा सहयोग गर्ने।

(ठ) शिक्षा, युवा तथा खेलकूद शाखा, सामाजिक विकास समिति अन्तर्गतका अन्य शाखा/उपशाखाका कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापनमा समेत सहयोग गर्ने ।

## परिच्छेद-३

## शिक्षा सुपरीवेक्षकको नियूक्ति, पदस्थापना, काम, कर्तव्य र अधिकार

**५. शिक्षा सुपरीवेक्षकको नियुक्ति तथा पदस्थापनाः**

(१) नगरपालिका क्षेत्रका सामुदायिक विद्यालयहरुको स्थायी सेवामा कार्यरत मा. वि. शिक्षक वा नि. मा. वि. द्वितीय वा प्रा. वि. प्रथम श्रेणी पदमा कार्यरत (अधिकृतस्तरको तलब भत्ता तथा सेवासुविधा उपभोग गर्ने) शिक्षक मध्येबाट फरक फरक विषय समूहका शिक्षकलाई आवश्यकतानुसार निश्चित अवधीका लागि शिक्षा शाखामा काजमा झिकाई शिक्षा सुपरीवेक्षक पदमा नियूक्ति दिइनेछ।

(२) नियम ५(१) बमोजिम नियूक्त हुने व्यक्तिको शैक्षिक योग्यता शिक्षाशास्त्र संकायबाट स्नातकोत्तर उत्तीर्ण गरेको, कम्तिमा ५ वर्षको स्थायी शिक्षण अनुभव भएको र प्रधानाध्यापक भई विद्यालयको आर्थिक, प्रशासनिक, शैक्षणिक परिपाटीको नेतृत्वको अनुभव प्राप्त गरेको व्यक्ति हुनुपर्नेछ।

(३) नियम ५(१) र (२) बमोजिमको योग्यता पुगेको व्यक्तिलाई शिक्षा, युवा तथा खेलकूद शाखाको सिफारिसमा शिक्षा समितिको निर्णयको आधारमा प्रमुख प्रशासकीय अधिकृतले बढीमा ३ वर्ष अवधिका लागि शिक्षा सुपरिवेक्षक पदमा नियुक्त गर्न सक्नेछ ।

(४) शिक्षा सुपरीवेक्षक भै काजमा शिक्षा शाखामा झिकाइएका शिक्षकको ठाउँमा काम गर्न सोही विषयको सोही तहको नगर शिक्षक राख्नका लागि नगरपालिकाले अनुदान रकम सम्बन्धित विद्यालयलाई दिनु पर्नेछ । यसरी करारमा नियुक्त नगर शिक्षकको कोटा सम्बन्धित शिक्षक आफ्नो

ठाकुरबाबा नगरपालिकाको विद्यालय तह शिक्षा कार्यक्रम सुपरीवेक्षण कार्यविधि, २०७९

दरबन्दीमा फिर्ता भएमा आवश्यक भएको स्थान वा अन्य विद्यालयमा पठाउन सकिने वा करार म्याद समाप्त गरी शिक्षकलाई अवकाश गर्न सकिनेछ।

(५) शिक्षा सुपरीवेक्षकको दरबन्दी पदस्थापन भएको विद्यालयमा नै कायम रहनेछ र निजको तलब भत्ता सोही विद्यालय कोषमा निकासा भै विद्यालयको कोषबाटै नियमित रुपमा भुक्तानी हुनेछ ।

(६) शिक्षा सुपरीवेक्षकको नियमित हाजिरी तथा खटनपटन, काज र बिदा प्रमाणित शिक्षा शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतबाट मात्र हुनेछ ।

**६. शिक्षा सुपरीवेक्षकको काम, कर्तव्य र अधिकारः** शिक्षा सुपरीवेक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछः-

(क) तोकिएको कार्यालय समयमा शिक्षा, युवा तथा खेलकुद शाखामा उपस्थित भै कार्यालय समय भरी तोकिएको कार्यहरु गर्ने/गराउने।

(ख) नगरपालिका क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण नियमित रुपमा गर्ने।

(ग) विद्यालयको सुपरीवेक्षणमा खटिँदा शिक्षकहरुको कक्षाकोठाको शिक्षण सिकाई क्रियाकलापको सूक्ष्म अनुगमन गरी सिकाई गतिविधि अर्थात् शिक्षण प्रक्रियामा राम्रो हुन बाँकी रहेका र अझ राम्रो गर्न सकिने उपायहरु सहितको पृष्ठपोषण प्रदान गर्ने।

(घ) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, सामाजिक परीक्षण समिति र विद्यालय, प्रधानाध्यापक, विद्यालय कर्मचारी, पुस्तकालय तथा प्रयोगशालाका प्राविधिक अर्थात् जिम्मेवारी पाएका व्यक्तिसँग सम्बद्ध कार्य तथा गतिविधी अर्थात् व्यवस्थापकीय पक्षको सोधखोज गरी सुधारका लागि आवश्यक देखिएमा सुझाव दिने।

(ङ) विद्यालय सुधार योजना (SIP), शिक्षण सुधार योजना (TIP), वार्षिक शैक्षणिक योजना, अतिरिक्त क्रियाकलाप योजना, विद्यालय विकास योजना/प्रस्ताव आदिलाई राष्ट्रिय शिक्षा नीति (ESP) र नगरको गुरुयोजना, १० वर्षे शिक्षा योजनासँग तालमेल हुने गरी निर्माण गर्न र निर्माणपछि कार्यान्वयनमा ल्याउने कार्यमा आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्ने।

(च) विद्यालय अनुगमन तथा सुपरीवेक्षणमा दिएका पृष्ठपोषण तथा सुझाव कार्यान्वयन भए/नभएको पुनः सुपरीवेक्षणका क्रममा एकीन गरी नभएको भए हुन नसक्नुको कारण सोधी कारण सहितको प्रतिवेदन शिक्षा शाखामा पेश गर्ने।

(छ) शिक्षा सम्वद्ध तालिम, गोष्ठी, अन्तरक्रिया, भेला, बैठक, समिक्षा, अभिमुखीकरण, प्रबोधीकरण, समन्वय, सहकार्य आदिमा आवश्यकतानुसार सहजीकरण र प्रशिक्षण गर्ने, खटिने, सहभागी हुने तथा व्यवस्थापन गर्ने/गराउने।

(ज) शिक्षा शाखाको प्रशासनीक कार्यमा आवश्कतानुसार सघाउने।

(झ) शिक्षा सम्वद्ध अनुसन्धान, खोजबिन तथा छानबिन सम्बन्धी कार्य आवश्यकतानुसार गर्ने/गराउने।

(ञ) शिक्षामा लगानी-प्रक्रिया-उपलब्धि-प्रभाव (Input-Process-Output-Outcomes) को गुणात्मकता विश्लेषण गर्ने र सरोकारवाला पक्षहरुलाई जानकारी दिने।

(ट) खेलकूद तथा युवा सम्वद्ध अन्य आवश्यक कार्यहरु गर्ने/गराउने।

(ठ) आवश्यकतानुसार सामाजिक विकास समिति अन्तर्गतका शाखा/उपशाखा (शिक्षा, स्वास्थ्य, महिला, बालबालिका तथा समाज कल्याण, रोजगार सेवा केन्द्र लगायत) को तालिम, अनुगमन, निरीक्षण लगायतका कार्यहरुमा सहयोग गर्ने ।

(ड) शिक्षा ऐन तथा नियमावलीमा विद्यालय निरीक्षकले गर्नुपर्ने कार्यहरु सम्पादन गर्ने गराउने अधिकार रहनेछ ।

(ढ) प्रमुख प्रशासकीय अधिकृत वा शिक्षा शाखा प्रमुखले तोकेका अन्य कार्यहरु गर्ने/गराउने।

(ण) शिक्षा, जनचेतना तथा अभिभावक शिक्षा कार्यक्रमसँग सम्बन्धित संघसंस्था/निकायको कार्यक्रमको समेत सञ्चालन, अनुगमन र प्रतिवेदन कार्यमा सघाउने ।

(त) शैक्षणिक अभिलेख अद्यावधिक गर्ने/गराउने।

## परिच्छेद-४

## शिक्षा सुपरीवेक्षकको सेवा तथा सुविधा

**७. सेवा तथा सुविधाः** शिक्षा सुपरिवेक्षकको सेवा तथा सुविधाहरु देहाय बमोजिम हुनेछः-

(१) पदस्थापन रहेकै विद्यालयबाट भुक्तानी हुने गरी शिक्षक पद नियुक्ति तह तथा श्रेणीको खाईपाई आएको तलबभत्ता, सञ्चय कोष, बीमा, पोशाक, चाडपर्व खर्च लगायत अन्य खाईपाई आएका सुविधाहरु विद्यालय कोष मार्फत नै भुक्तानी हुनेछ ।

(२) विद्यालय अनुगमनमा नियमित खटिनुपर्ने भएको हुँदा मापदण्डअनुसार इन्धन नगरपालिकाबाट उपलब्ध हुनेछ ।

ठाकुरबाबा नगरपालिका विद्यालय तथा शिक्षा कार्यक्रम सुपरीवेक्षण कार्यविधि, २०७९

(३) नगरक्षेत्र बाहिर काजमा खटिएर काम गर्नुपर्दा नियमानुसारको दैनिक भ्रमण भत्ता (टि.ए.डि.ए.) उपलब्ध हुनेछ ।

(४) तालिम, गोष्ठी र अन्य कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको नियमानुसारको सेवा सुविधा कार्यक्रमबाट नै उपलब्ध हुनेछ ।

## परिच्छेद-५

## प्रतिवेदन तथा उपलब्धि

८. **प्रतिवेदन र उपलब्धिः** शिक्षा सुपरीवेक्षकले देहाय बमोजिमको प्रतिवेदन तथा उपलब्धिहरु दिनुपर्नेछः-

(क) विद्यालयले IEMIS अद्यावधिक गरेको समयबद्ध विवरण।

(ख) विद्यालयहरु खुले, बन्द भए, पढाए वा अन्य कार्यक्रम गरेको विद्यालयगत विवरण।

(ग) विद्यालयको अतिरिक्त परीक्षा सञ्चालन र परीक्षा परिणामको विद्यालयगत विवरण ।

(घ) विद्यालयको भौतिक, शैक्षिक, आर्थिक तथा सामाजिक पक्षको प्राप्तिको अद्यावधिक विवरण।

(ङ) शिक्षक, कर्मचारीको उपस्थिति, बिदा, काज, गयलको अवस्थाको विद्यालयगत विवरण।

(च) विद्यालयले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलाप तथा दिवस, उत्सव र अन्य कार्यक्रमहरुको परिमाणात्मक विवरण ।

(छ) अभिभावक शिक्षा सम्बन्धी कार्यक्रमको विवरण।

(ज) विद्यालयहरुको योजना, योजनाहरुको कार्यान्वयनको अवस्था र उपलब्धि।

(झ) सिकाई उपलब्धि र उत्तीर्ण प्रतिशतको सुधारात्मक वा सुधार हुन नसकेको विवरणको अवस्था

(ञ) खेलकुद तथा सामाजिक विकास समिति अन्तर्गतका अन्य शाखा/उपशाखामा संलग्न भएको कार्यक्रमहरुको उपलब्धि तथा सहभागिताको प्रतिवेदन।

(ट) शिक्षा सम्बद्ध अन्य कार्यक्रम सञ्चालन तथा सहभागिताको विवरण र प्रतिवेदन।

(ठ) विभिन्न सहयोगी तथा साझेदार संघसंस्था वा निकायको कार्यक्रम र उपलब्धि एवं प्रभावहरुको विवरण।

## परिच्छेद-६

## विविध

९. शिक्षा सुपरिवेक्षकले आफूलाई तोकिएको सुपरीवेक्षण तथा शिक्षा एवं सामाजिक विकास समिति अन्तर्गतका कार्यको व्यवस्थापनको जिम्मेवारी पूरा गर्न गाह्रो भई आफ्नो पदस्थापन रहेको विद्यालयमा फर्कन चाहेर निवेदन दिएमा निजलाई एक महिनाभित्र फिर्ता पठाइनेछ।

ठाकुरबाबा नगरपालिका विद्यालय तथा शिक्षा कार्यक्रम सुपरीवेक्षक कार्यविधि, २०७९

१०. शिक्षा सुपरीवेक्षकले आफूलाई नगरपालिका तथा शिक्षा शाखाले तोकेको काम सम्पन्न गरी आफ्नो पदस्थापन रहेको विद्यालयमा समेत गई आफ्नो विद्यालयको गतिविधिमा थप समय दिएर संलग्न हुने र विद्यालय विकासमा खटिएमा तोकेको काममा बाधा पुगेको मानिने छैन।

११. शिक्षा सुपरीवेक्षकलाई नगरपालिकामा विशेष परिस्थिति आइपरेमा, विपद् भएमा, महामारी भएमा वा कुनै विशेष अभियान सञ्चालन गर्नुपरेमा त्यस्ता कार्य तथा अन्य शाखाको अन्य गतिविधि वा नगरपालिकाको अन्य कामकाजमा पनि लगाउन सकिनेछ।

१२. यो कार्यविधि मूलतः शिक्षा ऐन, नियमावली र शिक्षा सम्बद्ध कार्यविधिहरुको उपलब्धि वृद्धिमा सहायक रहनेछ।

१३. शिक्षा सुपरीवेक्षकको कार्य सन्तोषजनक नभएमा र तोकिएको प्रगति दिन असमर्थ भएमा नगरपालिकाले विद्यालयमा फिर्ता गरी अर्को शिक्षा सुपरीवेक्षक राख्न सक्नेछ तर फर्काउनुपूर्व निजलाई सफाईको मौका भने दिनु पर्नेछ।

१४. यस कार्यविधिको अधीनमा रही कार्यविधि अनुसार काम गर्न, फर्मेट बनाउन, कार्यक्षेत्र विभाजन र निर्धारण गर्न, प्रतिवेदनको ढाँचा निर्माण गर्न विद्यालयको गुणात्मक विकासका आधार तय गर्न र विद्यालय तथा शिक्षक कर्मचारीको मूल्याङ्कनका आधार तय गर्न शिक्षा शाखा मार्फत सुपरीवेक्षकलाई अधिकार दिन सकिनेछ।

१६. यस कार्यविधि प्रचलित ऐन कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

**आज्ञाले**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिका विद्यालय तथा शिक्षा कार्यक्रम सुपरीवेक्षण कार्यविधि, २०७९